Yes ! We can, We do, We shine

# वीरता जेसीज

स्था: सन् १९८१

बिर्तामोड नगरपालिका-१, झापा

## e-Buletin

October 2018 / birtajaycees1981@gmail.com /BirtamodeJaycee



## राष्ट्रगान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।

## जेसीज आस्था

हामीलाई विश्वास छ-
कि इश्वरमा आस्था,
मनुष्य जीवनलाई सार्थकता एवम् उद्देश्य प्रदान गर्दछ,
कि मनुष्यको बन्धुत्व भावना, राष्ट्रहरुको प्रभुसत्तादेखि सर्वोपरी छ,
कि आर्थिक न्यायको सर्वोत्तम उपलब्धि,
स्वतन्त्र मनुष्यको व्यवसायिक स्वतन्त्रताद्वारा हुनसक्दछ,
कि शासन व्यक्तिको होइन, विधिको हुनु पर्दछ,
कि बसुधाको महान निधि, मानव व्यक्तित्वमा निहीत छ,
कि मानवताको सेवा, जीवनको सर्वोत्तम कार्य हो ।





सन्थाल बालबालिकालाई वीरता जेसीजको सहयोग




वीरता जेसीजद्वारा अक्षयकोष सहित दुई पुरस्कार स्थापना



दुर्घटना न्यून गर्न ५०० गाडीमा स्टिकर, पर्चा वितरण र चालकलाई









## सन्थाल बालबालिकालाई वीरता जेसीजको सहयोग

# पोशाक, व्याग र जुत्ता पाउँदा अभिभावक पनि दंग

असोज १८ अर्थात ४ अक्टोबर विहीवार सीमान्तकृत तथा विपन्न सन्थाल समुदायका बालबालिकालाई वीरता जेसीजले विद्यालय पोशाक, व्याग लगायतका सामग्री सहयोग प्रदान गरेको छ ।

सन्थाल समुदायका बालबालिकाको शिक्षामा पहुँच बृद्धि तथा बालबालिकाले शिक्षा आर्जनका लागि कुनै कुराको अभाव खेप्नु नपरोस् भन्ने सन्देश प्रवाह गर्न जेसीजले पोशाक, व्याग, जुत्ता लगायतका सामग्री प्रदान गरेको बताइएको छ ।

वीरता जेसीजका अध्यक्ष एकराज गिरीको अध्यक्षत(।मा भएको समारोहकाबीच प्रमुख अतिथि संस्थाका पूर्वअध्यक्ष शेखर ढकालले उक्त सामग्री प्रदान गरेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

जेसीजले बिर्तामोडस्थित देवी माविमा अध्ययनरत् आठ जना छात्रछात्रालाई उक्त सामग्री प्रदान गरेको हो । देवी माविकी प्रधानाध्यापक अम्बिका श्रेष्ठ, प्रमुख अतिथि ढकाल लगायतले सीमान्तकृत तथा विपन्न सन्थाल बालबालिकाको शिक्षाका लागि जेसीजले उदाहरणीय सहयोग गरेको बताए । उनीहरुले जेसीजले यस्ता कामबाट वास्तविक सेवाको सन्देश प्रवाह पनि गरेको बताए ।

सन्थाल बालबालिकाको निवास परिसर बिर्तामोड १मा भएको कार्यक्रममा सामग्री पाउने बालबालिका र तिनका अभिभावक खुशीले दंग देखिन्थे । कार्यक्रम संयोजक वीरता जेसीजका सदस्य मो. साहनवाज अन्सारीले स्वागत गरेको कार्यक्रममा आस्था वाचन सदस्य सुरेश खतिवडाले गरेका थिए ।

महासचिव बिनोद पाण्डेले सञ्चालन गरेको कार्यक्रममा जेसीआई मिसन, भिजन तथा नेपाल जेसीज र वीरता जेसीजको थिम वाचन कोषाध्यक्ष जीवनकुमार खड्काले गरेका थिए ।

उक्त सामग्री पाउने छात्रछात्रामा विशाल हेमरम (कक्षा-९), पवन बास्के (कक्षा-७), सिद्धान्त वेस्रा (कक्षा-१), निशा हेमरम (कक्षा-७), बिनु हस्दा(कक्षा-७), निशान हेमरम(कक्षा-५), प्रवीन बास्के (कक्षा-५), सन्ध्या बेस्रा(कक्षा-५) रहेका छन् ।







वीरता जेसीजद्वारा अक्षयकोषसहित दुई पुरस्कार स्थापना

# १५/१५ हजार राशिको मदन ढकाल र दिलकुमार शर्मा स्मृति पुरस्कार



१० अक्टोबर २०१८ अर्थात असोज २४ गते बुधबार झापाको बिर्तामोडस्थित वीरता जेसीजले दुई लाख रुपैयाँको अक्षयकोषसहित दुई जना पूर्व अध्यक्षको स्मृतिमा पुरस्कारको स्थापना गरेको छ ।

वीरता जेसीजको सचिवालयमा आयोजित एक कार्यक्रमकाबीच पुरस्कार स्थापनाको घोषणासँगै अक्षयकोषका लागि रकम हस्तान्तरण सम्पन्न भएको हो । वीरता जेसीजका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको समारोहमा संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतले दुई पुरस्कार स्थापनाको घोषणा गरेका थिए ।

पूर्व अध्यक्षहरुको स्मृतिमा 'मदन ढकाल स्मृति वीरता जेसीज उत्कृष्ट पत्रकारिता पुरस्कार' र 'दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्व अध्यक्ष पुरस्कार' स्थापना गरिएको हो । उक्त पुरस्कारका लागि स्व. ढकालको परिवारका तर्फबाट श्रीमती सावित्रा ढकाल तथा छोरा-बुहारी सिर्जन र एलिनाले अक्षयकोषको रकम हस्तान्तरण गरेका थिए ।

त्यस्तै स्व. शर्मा (घिमिरे)को परिवारबाट श्रीमती रेखा घिमिरे र भाइ लव घिमिरेले अक्षयकोषको रकम प्रदान गरेका थिए । हरेक वर्ष वीरता जेसीजको साधारणसभामा प्रदान गरिने दुबै पुरस्कारको राशी जनही १५ हजार रुपैयाँ रहेको छ । पुरस्कार यसै वर्षबाट वितरण शुरु गरिने बताइएको छ । समारोहमा स्व. ढकालका परिवारका तर्फबाट भाइ मोहन ढकाल र लक्ष्मण ढकालले जेसीजको अगुवाइमा हुन लागेको कार्यको प्रशंसा गरेका थिए ।

त्यस्तै, पत्रकार महासंघ प्रदेश नं. १ कार्यसमिति सदस्य तीर्थ सिग्देल र महासंघ झापाका सचिव सन्तोष आचार्यले समेत जेसीजको कार्यको प्रशंसा गर्दै आफ्ना सुझाव राखेका थिए । वीरता जेसीजका महासचिव विनोद पाण्डेले सञ्चालन गरेको कार्यक्रममा स्वागत कोषाध्यक्ष जीवनकुमार खड्का, जेसीआई मिसन भिजनको वाचन उपाध्यक्ष युवराज कुँवर र आस्था वाचन शाखा सम्पादक तुलसीप्रसाद निरौलाले गरेका थिए ।

वीरता जेसीजले छुट्टै बैंक खाता मार्फत अक्षयकोषको सञ्चालन गर्ने र त्यसका लागि आव( श्यक कार्यविधि समेत बनाइने बताइएको छ । वीरता जेसीज तथा संस्थाको दीर्घकालीन योजना समिति र दाता परिवारको परामर्श र संलग्नतामा उक्त कार्यलाई



जेसी मदन ढकाल
अध्यक्ष (१९८४)
(स्वर्गीय)



जेसी दिलकुमार शर्मा
अध्यक्ष (१९८८)
(स्वर्गीय)

अघि बढाइने अध्यक्ष गिरीले जानकारी दिए । पुरस्कृत प्रतिभा छनौटका लागि छुट्टै समिति मार्फत कार्य अघि बढाइने समेत बताइएको छ ।

वीरता जेसीजमा स्व. ढकाल र शर्माले पुऱ्याएको योगदानको कदर स्वरुप उहाँहरुको योगदानलाई कसैको विस्मृतिमा जान नदिन अक्षयकोषसहित पुरस्कार स्थापना गरिएको संस्थापक अध्यक्ष बस्नेतले बताए । मदन ढकाल सन् १९८४ र दिलकुमार शर्मा सन् १९८८ मा वीरता जेसीजको अध्यक्ष भएका थिए ।

**स्व. मदन ढकाल स्मृति वीरता जेसीज उत्कृष्ट पत्रकारिता पुरस्कार :**

२००९ साल जेठ १९ गते जन्मनुभएका मदन ढकाल सन् १९८१मा वीरता जेसीजको संस्थापक महासचिव हुँदै सन् १९८४मा अध्यक्ष बनेका थिए । क्रमशः नेपाल जेसीजको राष्ट्रिय कार्यकारिणी उपाध्यक्षसम्म भएका ढकाल झापाका अग्रज पत्रकार, साहित्यकार, समाजसेवीको रुपमा परिचित थिए । उनले लामो समय पूर्वाञ्चल दैनिकको प्रधानसम्पादक पदमा रहेर सेवा गरेका थिए । २०७३ मंसीर २३गते ६४ बर्षको अल्प उमेरमा उनको स्वर्गारोहण भयो । जेसीज र पत्रकारिता क्षेत्रमा उनको योगदानको कदर गर्दै यो पुरस्कार स्थापना गरिएको हो । वीरता जेसीज तथा जेसीज संस्थाको बारेमा उत्कृष्ट रिपोर्टिङ गर्ने एक जना पत्रकारलाई हरेक बर्ष यो पुरस्कार प्रदान गरिनेछ ।

**स्व. दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्वअध्यक्ष पुरस्कार :**

२०१६ साल फागुन १५ गते जन्मिएका दिलकुमार शर्मा घिमिरे सन् १९८८मा वीरता जेसीजको अध्यक्ष बनेका थिए । जेसीज अभियानमा उनको विशिष्ठ योगदान रह्यो । २०६९ असार २४ गते ५३ बर्षको अल्प उमेरमा उनको स्वर्गारोहण भयो । जेसीजसँगै समाजसेवा तथा विभिन्न क्षेत्रमा सक्रिय उनको योगदानको कदर गर्दै यो पुरस्कार स्थापना गरिएको हो । वीरता जेसीजमा बर्षभरि सक्रिय रहने पूर्वअध्यक्षहरुमध्येबाट एक जनालाई हरेक बर्ष यो पुरस्कार प्रदान गरिनेछ ।





# दुर्घटना न्यून गर्न ५०० गाडीमा स्टिकर, पर्चा वितरण र चालकलाई चकलेट

असोज २७ अर्थात अक्टोबर १३ तारिक शनिबार चाडपर्वका बेला सडकमा सवारीसाधनको चाप बढेसँगै हुनसक्ने दुर्घटना न्यूनीकरणमा टेवा पुऱ्याउन झापाको बिर्तामोडमा विशेष अभियान सञ्चालन गरियो ।

वीरता जेसीज, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा र लेट्स रन नेपाल झापाको संयुक्त आयोजनामा दुर्घटना न्यूनीकरण महाअभियान अन्तर्गत सवारीसाधनमा चेतनामुलक स्टिकर टाँस्ने कार्य, यात्रुलाई पर्चा वितरण र चालकलाई चकलेट दिइएको थियो ।

झापाबाट काठमाडौं लगायतका लामो दुरीतर्फ जाने-आउने तथा बिर्तामोड बसपार्कबाट इलाम, पाँचथर, ताप्लेजुङ जाने सवारीसाधनलाई लक्षित गरी उक्त अभियान सञ्चालन गरिएको बताइएको छ ।

वीरता जेसीजका अध्यक्ष एकराज गिरीका अनुसार पाँच सय सवारीसाधनमा स्टिकर टाँस्नुका साथै चालकलाई राम्रोसँग सवारी चलाउन प्रेरित गर्दै चकलेट प्रदान गरिएको र ती सवारीसाधनमा यात्रा गर्ने सबै यात्रुलाई ट्राफिक नियम सम्बन्धीका चेतनामुलक पर्चा वितरण गरिएको छ। पैदल यात्रीलाई समेत पर्चा वितरण गरिएको थियो ।

वीरता जेसीजका अध्यक्ष गिरी, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजेश राई र लेट्स रनका अध्यक्ष पवन शिवाकोटीले सवारीसाधनमा स्टिकर टाँसेर उक्त अभियान शुरु गरेको वीरता जेसीजका महासचिव विनोद पाण्डेले जानकारी दिए ।

वीरता जेसीजका दुर्घटना न्यूनीकरण संयोजक कमल श्रेष्ठका अनुसार बिर्तामोडको पश्चिम स्टेण्डमा दुबैतर्फबाट आवात-जावत गर्ने सवारीसाधनलाई लक्षित गरी तीनवटा टोली तथा बसपार्कमा एउटा टोली बनाएर बिहान ६ बजेबाट उक्त अभियान सञ्चालन गरिएको थियो ।

उक्त अभियानमा वीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेत, पूर्व अध्यक्षहरु सुरेश वंशल, राजेन्द्र थापा, शेखर ढकाल, देवी पञ्चकन्या मर्निङ वाक ग्रुप बिर्तामोड, एजुकेशन एण्ड माइग्रेसन कर्नर लगायतको सहभागिता रहेको वीरता जेसीजका दुर्घटना न्यूनीकरण सहसंयोजक मनोज रौनियारले बताए ।

त्यस्तै उक्त कार्यमा बिर्तामोड सरसफाई अभियान टोलीले समेत सहभागिता जनाउँदै सरसफाई कार्यलाई पनि बिर्तामोड पश्चिम स्टेण्डमा केन्द्रित गरेको थियो । चालकहरुलाई वितरण गरिएको चकलेट हल्दिबारी चियाको तर्फबाट प्रदान गरिएको थियो । यसअघि गत असोज २ गते वीरता जेसीज र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको संयुक्त आयोजनामा दुर्घटना न्यूनीकरण महाअभियान शुभारम्भको घोषणासहित एक हजार चालकलाई खादा लगाएर सम्मान गरिएको थियो भने स्टिकर टाँस, चकलेट र पर्चा वितरण तथा सडक कविता प्रतियोगिता सम्पन्न गरिएको थियो ।











# वीरता जेसीजको सहयोग पाउँदा

# विपन्न ६० बालबालिका फुलपातीमा फुरुङ्ग



असोज ३० अर्थात अक्टोबर १६ तारिक मंगलबार झापाको कनकाई नगरापालिका-१ प्रजापतिस्थित पशुपति प्राविका ६० बालबालिकालाई वीरता जेसीजले विभिन्न सामग्री सहयोग गरेको छ ।

बिर्तामोडस्थित वीरता जेसीजले आर्थिकरुपमा अति विपन्न अभिभावकका ती बालबालिकालाई ब्याग, जुत्ता-मोजा, टिफीन बक्स, पानी पिउने बोतल, कापी, जमेट्री बक्स लगायतका सामग्री प्रदान गरेको हो । वीरता जेसीजले ती बालबालिकालाई टाई र बेल्ट समेत प्रदान गर्ने घोषणा गरेको छ ।

विद्यालयमा आयोजित समारोहका प्रमुख अतिथि जेसीज पूर्व अध्यक्ष समाज झापाका अध्यक्ष विनोद बस्नेतले बालबालिकालाई सामग्री प्रदान गरेर कार्यक्रमको उद्घाटन गरेका थिए । वीरता जेसीजका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको समारोहमा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी कृष्णप्रसाद कोइराला, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजेश राई, कनकाई-१ का कार्यवाहक वडाध्यक्ष देवी अधिकारी, प्रजापति सामुदायिक वनका अध्यक्ष सूर्यकुमार थापा, वीरता जेसीजका अध्यक्षका पिता तथा स्थानीय अग्रज मानबहादुर गिरीले बालबालिकालाई ती सामग्री वितरण गरेका थिए ।

फूलपातीका दिन विद्यालय विदा भए पनि दशैंको समेत परवाह नगरी बालबालिकाहरु आफ्ना अभिभावकका साथ उत्साहितरुपमा उपस्थित थिए । आफूलाई आवश्यक विभिन्न सामग्रीहरु पाउँदा उनीहरु खुशीले हर्षित देखिन्थे ।

विद्यालयका प्रधानाध्यापक गोविन्द चौहानले स्वागत गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल जेसीजका पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष एवम् वीरता जेसीजका पूर्व अध्यक्ष समेत रहेका विनोद बस्नेतले मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो भन्ने यथार्थलाई आत्मसाथ गरी जेसीजले आयोजना गरेको कार्यक्रमको प्रशंसा गरे ।

बस्नेतले आर्थिकरुपमा विपन्नहरुलाई मन भएकाहरुले सहयोग गर्ने हो भने कुनै पनि बालबालिकाले शिक्षा आर्जनका लागि अभाव झेल्नु नपर्ने बताए ।

विशिष्ट अतिथि कनकाईका प्रमुख पोखरेलले आफ्नो नगरमा वीरता जेसीजले आर्थिकरुपमा अति विपन्न तथा सिमान्तकृत परिवारका बालबालिका अध्ययन गर्ने विद्यालयलाई छनौट गरेर सहयोग गरेकोमा धन्यवाद ज्ञापन गरे ।

वीरता जेसीजका महासचिव विनोद पाण्डेले सञ्चालन गरेको कार्यक्रममा कोषाध्यक्ष जीवन खड्काले आस्था वाचन, कानूनी सल्लाहकार दिवाकरलाल चौधरीले जेसीआई मिसन भिजनको वाचन र उपाध्यक्ष युवराज कुँवरले नेपाल जेसीज र वीरता जेसीजको यस वर्षको प्रकरण वाचन गरेका थिए ।

कार्यक्रममा स्थानीय अभिभावक तथा अग्रजहरुको उल्लेख्य सहभागिता रहेको विद्यालयका शिक्षक खेम कार्कीले जानकारी दिए । वीरता जेसीजले यस वर्ष जेसीहरुको जन्मदिन सामाजिक सेवामा समर्पणका साथ मनाउने कार्य अन्तर्गत संस्थाका पूर्व अध्यक्ष विनोद बस्नेतको जन्मदिनको अवसर पारेर कार्यक्रमको आयोजना गरिएको शाखा सम्पादक तुलसीप्रसाद निरौलाले बताए ।

# झापामा अहिलेसम्मकै सबैभन्दा बढी वीरता जेसीजको आयोजनामा रक्तदान








१० कात्तिक अर्थात २७ अक्टोबर शनिबार वीरता जेसीजको आयोजनामा झापाको बिर्तामोडमा २९ सञ्चारकर्मीसहित एक सय ७९ जनाले रक्तदान गरेका छन् ।

यो तथ्यांक अहिलेसम्मकै सबैभन्दा बढी भएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले बताए । ढकालले भने- 'झापामा एकैदिन यतिधेरै रगत संकलन भएको यो पहिलो ऐतिहासिक दिन हो ।'

झापामा रगतको अभाव देखिएपछि रेडक्रसको आह्वानमा वीरता जेसीजले रक्तदान कार्यक्रमको आयोजना गरेको हो । वीरता जेसीजका अध्यक्ष एकराज गिरीको अध्यक्षता र नेपाल जेसीजकी निरुपित राष्ट्रिय उपाध्यक्ष रश्मी निरौलाको प्रमुख आतिथ्यमा भएको समारोहमा वीरता जेसीजका रक्तदान संयोजक ओमप्रकाश लुइँटेलले ६३औं पटक रक्तदान गरेका थिए ।

रेडक्रस बिर्तामोडको प्राविधिक सहयोगका भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि निरौला, रेडक्रस झापाका मन्त्री चन्द्रप्रसाद चुडाल, झापाका प्रहरी प्रमुख भीमप्रसाद ढकालले रगत अभावका बेला मानवताको सेवाका लागि वीरता जेसीजले उदाहरणीय काम गरेको बताए ।

जेसीज पूर्वअध्यक्ष समाज झापाका अध्यक्ष विनोद बस्नेत, उपाध्यक्ष रमेश पोखरेल, वीरता जेसीजका पूर्व अध्यक्ष वेदप्रकाश अग्रवाल, राजेन्द्र चम्लागाई, हेम खड्का लगायतले समेत रक्तदान कार्यक्रम बृहत र उत्साहजनक भएको भन्दै प्रशंसा व्यक्त गरे । महासचिव विनोद पाण्डेले सञ्चालन गरेको कार्यक्रममा स्वागत रक्तदान संयोजक लुइँटेलले गरेका थिए भने आस्था वाचन सहकोषाध्यक्ष घनश्याम चौधरीले गरेका थिए । कार्यक्रममा जेसीजका अध्यक्ष गिरीले कार्यक्रमका लागि कार्यक्रमभन्दा पनि आवश्यकताको परिपूर्ति र मानवताको सेवाका लागि रक्तदानको आयोजना गरिएको बताए ।

कार्यक्रममा जेसीआई मिसन, भिजन तथा नेपाल जेसीज र वीरता जेसीजको यस वर्षको

**बाँकी अर्को पृष्ठमा**

## २९ जना सञ्चारकर्मीले गरे सामुहिक रक्तदान

झापाका सञ्चारकर्मी आफ्नो पेशासँगै आवश्यक पर्दा मानवीय सेवामा पनि उत्तिकै अग्रसर छन् भन्ने उदाहरण शनिबार बिर्तामोडमा देखिएको छ ।

जिल्लामा रगतको अभाव भएर बिरामीलाई समस्या भइरहेको बेला २९ जना सञ्चारकर्मीले सामुहिक रक्तदान गरेका छन् । वीरता जेसीजले आयोजना गरेको उक्त कार्यक्रमको उद्घाटन तिनै सञ्चारकर्मीहरुबाट सामुहिक रक्तदान मार्फत् गरिएको थियो ।

कार्यक्रममा ३७औं पटक रक्तदान गरेका बीबीसी नेपाली सेवाका सम्वाददाता उमाकान्त खनालको प्रतिक्रिया थियो- ' झापामा रगत अभाव भएका बेला हामी सञ्चारकर्मीहरु हेरेर बस्न सक्दैनौं, त्यसैले बिरामीको जीवन बचाउनका लागि रक्तदानमा सरिक भएका हौं ।'

वीरता जेसीजका अध्यक्ष एवम् पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले झापाली सञ्चारकर्मीको रक्तदानमा उत्साहजनक सहभागिताप्रति धन्यवाद ज्ञापन गरेका थिए । गिरीले भने- 'सञ्चारकर्मी पत्रकारिता पेशासँगै समाजका समस्या समाधानमा उत्तिकै अग्रसर र सक्षम छन् भन्ने उदाहरण सामुहिक रक्तदानबाट पुष्टि भएको छ ।'

वीरता जेसीजका रक्तदान संयोजक ओमप्रकाश लुइँटेलले यति धेरै सञ्चारकर्मीले एकैसाथ रक्तदान गरेको आफूले पहिलोपटक देख्न पाएकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा धेरै सञ्चारकर्मीहरुले पहिलोपटक रक्तदान गरेका थिए । झापाका सञ्चारकर्मीहरु मोहन काजी, उमाक(ान्त खनाल, रञ्जित प्रसाईं, दयाराम दाहाल, प्रेम आचार्य, गणेशमान मुखिया, राजेन्द्र गौतम, हिमाल खरेल, बिनोद सापकोटाले उत्साहका साथ रक्तदान गरे ।

त्यस्तै सञ्चारकर्मीहरु सुरेन्द्र भण्डारी, नरेन्द्र ढकाल, मनकुमार शर्मा, यम विमली, लक्ष्मी काफ्ले, नेत्रविक्रम विमली, , लक्ष्मी उप्रेती, विरु दर्नाल, राधा खनाल, युवराज उप्रेती, रवीन भट्टराई, भूमिका सुब्बा, विष्णु रिमाल, बिजय बराल, राजु पौडेल, नरेश खाती, प्रणित पुडासैनी, शार्दुलहाङ ओली, किरण हुमागाई, दुर्गा काफ्लेले समेत उत्साहका साथ रक्तदान गरेका थिए । सञ्चारकर्मी नेत्रबिक्रम विमलीले कार्यक्रममा ९९औं पटक रक्तदान गरेका हुन् ।













प्रकरण वाचन कानूनी सल्लाहकार दिवाकरलाल चौधरीले गरेको शाखा सम्पादक तुलसीप्रसाद निरौलाले जानकारी दिए । रक्तदाताका लागि पर्याप्त बेड नहुँदा कतिपय रक्तदाता समय अभावका कारण फर्कनुपरेको थियो । कार्यक्रममा रक्तदान गर्ने सबैलाई प्रमाणपत्र तथा प्राविधिक सहयोग पुऱ्याउने रेडक्रसकर्मीलाई कदर पत्र प्रदान गरिएको थियो ।

रक्तदानका लागि लेट्स रन नेपाल झापा, नेपाल प्रहरी (जिल्ला प्रहरी, इलाका प्रहरी बिर्तामोड र जिल्ला ट्राफिक प्रहरी कार्यालय), सशस्त्र प्रहरी, नेपाली सेना, डब्लुआरआर, वीरता लेडी जेसीज, नेप्लिज टिन्स, छठ समाज सेवा समिति, लायन्स, लियो, रोटरी, रोट्र्याक, मारवाडी मञ्च, नेवाः पासा मुन पुचः, वाईआरएस लगायत विभिन्न संस्थाको तर्फबाट उत्साहजनक सहभागिता र सहयोग रहेको थियो ।

रगतको चरम अभावको बेला वीरता जेसीजले ऐतिहासिक रुपमा आयोजना गरेको रक्तदानबाट धेरै बिरामीको जीवन बचाउन टेवा पुगेको भन्दै रेडक्रस बिर्तामोडका सभापति सजेश शिवाकोटीले धन्यवाद ज्ञापन गरेका छन् ।



Henry Giessenbier
Founder
Junior Chamber
International



Marc Brian Lim
JCI President
JCI (2018)



Sen. Dr. Bhekh Bd. Thapa
Founder Nation President
JCI Nepal



Sen. Shreedhar Basyal
National President
JCI Nepal(2018)



Sen. Gopal Kr. Banset
Founder President
Birata Jaycees



JC Yekraj Giri
President
JCI Birata (2018)

नेपाल जेसीज क्षेत्र 'क'
**वीरता जेसीजका लागि**



सि. विकास मानन्धर
निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष (सन् २०१८)



जेसी रश्मी निरौला
निरुपित राष्ट्रिय उपाध्यक्ष
(सन् २०१८)



तुलसी निरौला
शाखा सम्पादक



सन्तोष अधिकारी
सञ्चार संयोजक

## वीरता जेसीज सन् २०१८ को कार्य समिति



जेसी एकराज गिरी
अध्यक्ष
९८४२६३४१६१



जेसी सञ्जु भारती
निवर्तमान अध्यक्ष
९८५२६७२९००



जेसी मिजास पोखरेल
का.का. उपाध्यक्ष
९८१५९६२३०३



जेसी मिक्की कार्की
का.का. उपाध्यक्ष
९८४२७१६३८३



दिवाकरलाल चौधरी
कानूनी सल्लाहकार
९८५२६७३०७८



जेसी बिनोद पाण्डे
महासचिव
९८५२६५५२९१



जेसी जीवन कु. खड्का
कोषाध्यक्ष
९८५२६७९०४३



जेसी घनश्याम चौधरी
सहकोषाध्यक्ष
९८०४९९५३८०



जेसी प्रवेश बस्नेत
संयुक्त सचिव
९८५२६७९१८८



जेसी सञ्जीव घिमिरे
उपाध्यक्ष
९८५२०२९६४४



जेसी युवराज कुंवर
उपाध्यक्ष
९८५२६७३२७५



जेसी अशोक चौधरी
उपाध्यक्ष
९८०१७७०१७७



जेसी पवन न्यौपाने
उपाध्यक्ष
९८६२६१५४६९



जेसी कुशल खतिवडा
जनसम्पर्क अधिकारी
९८५२६७४६४०



जेसी विशाल थापा
प्रकरण निर्देशक
९८५२६७९२७९



जेसी विकास बस्नेत
तालिम संयोजक
९८४२७५२४१५

## सन् २०१८का संयोजकहरु

| क्र.सं. | नाम | संयोजक | सम्पर्क नं. |
|---|---|---|---|
| १ | जेसी प्रविण खड्का | अन्तरशाखा संयोजक | ९८५२६७५९३१ |
| २ | जेसी प्रकाश सुवेदी | अवार्ड संयोजक | ९८४२७१७४२४ |
| ३ | जेसी राजिव धिमाल | शिक्षा संयोजक | ९८५२६७३०४२ |
| ४ | जेसी दिवाकर प्रसाई | मातृशाखा संयोजक | ९८०४९४७७०७ |
| ५ | जेसी तुलसीप्रसाद निरौला | शाखा सम्पादक | ९८१६०४१६४६ |
| ६ | जेसी ओमप्रकाश लुईटेल | रक्तदान संयोजक | ९८५२६७१५८४ |
| ७ | जेसी सुमन ढकाल | प्रविधि संयोजक | ९८५२६७४७०४ |
| ८ | जेसी सन्तोष अधिकारी | संचार संयोजक | ९८४२७१०२८४ |
| ९ | जेसी यम विमली | कार्यक्रम व्यवस्थापन संयोजक | ९८५२६७३११४ |
| १० | जेसी किरण थापा | सम्बन्ध विकास संयोजक | ९८४२६५४३८० |
| ११ | जेसी वीरबहादुर दर्नाल | वातावरण संयोजक | ९८५२६७२१६१ |
| १२ | जेसी रमेश चौधरी | स्वागत संयोजक | ९८१४०१४०४१ |
| १३ | जेसी दिपक साफी | जनचेतना संयोजक | ९८०४९०१३९० |
| १४ | जेसी दिपेन चौधरी | स्वयंसेवक संयोजक | ९८४२७५७२८६ |
| १५ | जेसी राजु सापकोटा | अतिरिक्त क्रियाकलाप संयोजक | ९८०७९२१२०२ |
| १६ | जेसी नवराज भारती | विपद् जनचेतना संयोजक | ९८५१०१०७१८ |
| १७ | जेसी धनकुमार राजवंशी | अर्थ संयोजक | ९८१५९१४८०५ |
| १८ | जेसी कमल श्रेष्ठ | दुर्घटना न्यूनीकरण संयोजक | ९८५२६८९०५५ |

| क्र.सं. | नाम | संयोजक | सम्पर्क नं. |
|---|---|---|---|
| १९ | जेसी राकेश साह | नेपाल जेसीज संयोजक | ९८४२६९६११९ |
| २० | जेसी सुनिल थापा | सांस्कृतिक कार्यक्रम संयोजक | ९८०६०७४५५५ |
| २१ | जेसी सन्तोष उप्रेती | संघसंस्था समन्वय संयोजक | ९८५२६७९८४८ |
| २२ | जेसी किशोर बस्नेत | अन्तर्राष्ट्रिय संयोजक | ९८४२७५५०५५ |
| २३ | जेसी योगेश गिरी | खेलकुद संयोजक | ९८०४९०१४८८ |
| २४ | जेसी सुमन पौडेल | कोषबृद्धि संयोजक | ९८५२६७४७७६ |
| २५ | जेसी नविन सिटौला | स्वास्थ्य संयोजक | ९८५२६७४५४९ |
| २६ | जेसी टहलदास ओली | युवा संयोजक | ९८५२६७४१९१ |
| २७ | जेसी रोनित राजवंशी | ज्येष्ठ नागरिक सेवा समन्वय संयोजक | ९८६२६८४२८५ |
| २८ | जेसी पुकार बराल | बालबालिका तथा महिला संयोजक | ९८४२७६९३३९ |
| २९ | जेसी आसिम ज्वयल श्रेष्ठ | साहित्य संयोजक | ९८४२६९८०९२ |
| ३० | जेसी शत्रुघनप्रसाद गुप्ता | वीरता जेसीज सदस्य समन्वय संयोजक | ९८५२६७२३५७ |
| ३१ | जेसी गुञ्जन प्रसाई | सरसफाई संयोजक | ९८२४०००८० |
| ३२ | जेसी मनोज शाह | दुर्घटना न्यूनीकरण सहसंयोजक | ९८०४९००५५० |
| ३३ | जेसी विक्की चौधरी | कोष वृद्धि सहसंयोजक | ९८४२६२४५९१ |
| ३४ | जेसी वरुण चौधरी | स्वास्थ्य सहसंयोजक | ९८५२६७३३११ |
| ३५ | जेसी अनन्तलाल महतो | युवा सहसंयोजक | ९८५२६७१९०० |